"डिजिटल सेवा सहितको उत्कृष्ट सहकारी"

सकारात्मक परिवर्तन नै विकाश हो ।

१४औँ

वार्षिक साधारणसभा विशेष

वार्षिक प्रतिवेदन

आ.व. २०८१/८२

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लि.

BUSINESS SKILL DEVELOPMENT CO-OPERATIVE LTD.

थप जानकारीको लागी Scan Here

Website: www.bsdcoop.com Email: bsd@bsdcoop.com/info@bsdcoop.com

संचाकल समितिका पदाधिकारीहरु

जय बहादुर थापा
अध्यक्ष

पार्वती कुमारी थापा क्षेत्री
उपाध्यक्ष

धर्म बहादुर बुढा क्षेत्री
सचिव

एकेन्द्र नाथ योगी
कोषाध्यक्ष

बलबिर सुनार
सदस्य

राजाराम थारु
सदस्य

राम सेवक थारु

लेखा सुपरिवेक्षण समिति

लालमाया वि.क.
लेखा संयोजक

रिमा कुमारी बुढा
सदस्य

यमुना बुढा
सदस्य

कर्मचारीहरु

पुर्णिमा गिरी
व्यवस्थापक

सृजना योगी
कर्जा-व्यवस्थापक

सृजना योगी
कर्जा-सहायक

बजार प्रतिनिधिहरु

जमुना बुढा

बबिता मल्ल

पवित्रा रावल

गीता थारु

मिना खत्री वली

प्रबिना आचार्य

सन्ध्या लामिछाने

सीता कुमारी राना

दिपा कुमारी जैसी

सुप्रिया वि.क

चौधौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी सदस्य महानुभावहरु,

यस व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड कोहलपुर बाँकेको यहि मिति २०८२ साल पौष महिनाको १५ गते बसेको संचालक समितिको बैठक नं. ९ को प्रस्ताव नं. १ को निर्णयानुसार यस सहकारीको चौधौ वार्षिक साधारणसभा निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौ।

साधारणसभा हुने मिति, समय र स्थान :

मिति: २०८२ साल पौष १५ गते।
समय: बिहान १२:०० बजे।
स्थान: कोहलपुर पार्टी प्यालेस, साझा चोक,बाँके।

छलफलका विषयहरु:

१. **संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन पेश गर्ने सम्बन्धमा।**
२. **आ.व. २०८१/८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।**
३. **आ.व. २०८१/८२ को प्रगति प्रतिवेदन सम्बन्धमा।**
४. **आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन सम्बन्धमा।**
५. **आ.व. २०८२/८३ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम एवम बजेट सम्बन्धमा।**
६. **आ.व. २०८२/८३ को वार्षिक लेखा परिक्षणका लागि लेखा परीक्षक तथा शुल्क निर्धारण सम्बन्धमा।**
७. **संस्थाको विनियमावली, कार्यविधि संसोधन तथा अनुमोदन सम्बन्धमा।**
८. **संस्थाको लोगो (छाप) परिवर्तन तथा संसोधन गर्ने सम्बन्धमा।**
९. **आ.व. २०८१/८२ का संचालक समितिका बैठक निर्णयहरु अनुमोदन सम्बन्धमा।**
१०. **निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन सम्बन्धमा।**

साधारणसभा सम्बन्धी अन्य जानकारी:

साधारणसभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान १२:०० बजे देखि खुल्ला रहनेछ। सभामा भाग लिन आउँदा शेयरधनी मूहानुभावहरुले वार्षिक प्रतिवेदन पुस्तिकामा समावेश भएको पत्र लिई आउँनु पर्नेछ।

अध्यक्षको मन्तव्य

(Chairperson's Message)

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेडको चौधौं वार्षिक साधारणसभामा उपस्थित आदरणीय शेयरधनी सदस्य महानुभावहरु, हाम्रो निमन्त्रनालाई स्वीकार गरि यस गरिमामय सभामा उपस्थित नियमनकारी निकायका प्रतिनिधि, सहकारीका प्रतिनिधि, सहकारी व्यवस्थापन समिति, कर्मचारी, पत्रकार महानुभाव एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट न्यानो अभिवादन तथा स्वागत गर्न चाहन्छु ।

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड बाँके चौधौ वार्षिक साधारणसभामा संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षको प्रतिवेदन

आदरणीय यस सभाका प्रमुख अथिति ज्यु, विशेष अथिति ज्यु, अन्य अथिति ज्युहरु, यहाँ उपस्थित यस सहकारीका शेयरधनी सदस्य ज्युहरु, यस सहकारीका संचालक समितिका पदाधिकारी ज्युहरु, कर्मचारी मित्रहरु उपस्थित सबैमा "एकका लागी सबै र सबैका लागि एक" भन्ने मूल नाराका साथ हाम्रो निमन्त्रनालाई स्वीकार गरि यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट न्यानो अभिवादन तथा स्वागत गर्न चाहन्छु।

साथै यस सहकारी संस्थाको शेयरधनी सदश्यहरुको संख्या गत आर्थिक वर्ष २०८० को तुलनामा यस वर्ष २०८१ मा करिब १०५१ निष्क्रिय सदश्यहरुलाई हटाई करिब ५६० संख्याले नयाँ सक्रिय सदस्य बृदी भई हाल सम्म करिब ३०३५ संख्या जसमा महिला तर्फ १३९४ र पुरुष तर्फ १६४१ संख्या भएकोमा खुसी साट्दै यो सफलता प्राप्त गर्न यस सहकारीमा आवब्द सबै शेयरधनी सदस्य ज्युहरु प्रति आभार प्रकट गर्न चाहन्छु।
साथै यस सफलतामा साथ दिनुहुने नियमनकारी निकाय कोहलपुर नगरपालिका बाँके, जिल्ला सहकारी संघ बाँके तथा राष्ट्रिय सहकारी बैंक कोहलपुर शाखा लाई हृदय देखि नै धन्यवाद ज्ञापन गर्न चाहन्छु।

शेयरधनी सदस्य ज्युहरु,

सहकारीका सिद्धान्त, मुल्य र मान्यताहरु अवलम्वन गरी सदस्यहरुमा स्वावलम्वन र पारस्पारिकताको भावनालाई बढावा दिएर आफनो आर्थिक एवं सामाजिक उन्नतिका लागि आवश्यक स्रोतका साथै व्यावसायिक तथा सामुदायिक सेवाहरुको बन्दोबस्त गर्ने, समानता र समताका माध्यमबाट सदस्यहरुको समृद्धि हासिल गर्न सीप, प्रविधि र परिश्रम उपयोग गरी उद्यम विकास, उत्पादन, उत्पादकत्व र बचत वृद्धि गर्ने, कृषि क्षेत्रको समग्र विकासमार्फत उत्पादित बस्तुहरुको संकलन, भण्डारण र प्रशोधन तथा बजारीकरण गर्ने तथा एवं सदस्यहरुको विस्तार गर्दै सहकारी संस्कृतिबाट समृद्ध र न्यायपूर्ण समाजको निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले सहकारी ऐन २०४८ बमोजिम यस व्यवसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेडको स्थापना २०६८ साल माघ १५ गते सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय बाँकेको कार्यालयमा दर्ता भाएको हो।

इमान्दारिता र पारदर्शिता सहकारीको मूल नारा हो। शिक्षा र सेवा नै यसको गन्तव्य हो भने आर्थिक सहभागिता र आत्म निर्भरता नै यसको परिचय हो। संस्थामा आबद्ध सदस्यहरुको आर्थिक सम्वृद्धिलाई केन्द्रमा राखेर गरिने वित्तीय तथा उत्पादन तथा बजारीकरणमा साझेदारी नै सहकारी हो।

राष्ट्रिय पुँजी निर्माणमा प्रत्यक्ष रुपमा सहकारी संस्थाहरुले र अप्रत्यक्ष रुपमासदस्य हरुले अमुल्य योगदान दिएका हुन्छन।

सहकारी भन्ने वित्तिकै समान आर्थिक स्तर, इच्छा, रुचि र आवश्यकता भएका तथा एउटा निश्चित भौगोलिक सिमा भित्र बसोवास गर्ने वा समान प्रकृतिका कार्यमा संलग्न भएका मानिसहरूले आपसि हितका निम्त आर्थिक कारोवार गर्न स्थापित गरिएको संस्था भन्ने बुझिन्छ। यस अर्थमा एउटा साझा उद्देश्य लिएर एउटै भौगोलिक क्षेत्र भित्रका व्यक्तिहरूले आ-आफनो आर्थिक उन्नतीका लागि दुई वा दुई भन्दा बढी व्यक्तिहरू मिली आ-आफनो आयको केहि अंश नियमित रूपमा जम्मा गरी आयमूलक कार्य सञ्चालन गर्न ऋण प्रदान गरेर समूह वा संस्था लाई निरन्तरता प्रदान गर्नु नै सहकारी हो।

सहकारीलाई औधोगीकरणको उपज मान्न सकिन्छ। नेपाली बृहत शब्दकोश का अनुसार सहकारी संस्था भन्नाले किसान, मजदुर वा साना पुँजी भएका व्यवसायी वा उपभोक्ताहरूले साझा रूपमा मिलेर सबैको निम्ति उपभोग्य बस्तुको उत्पादन वा वितरण आदिको प्रवन्ध गूर्ने र पूँजि तथा श्रम अनुसार मुनाफा बाँडिने एक संस्था भनिएको छ।

सहकारीको संक्षिप्त परिचय

यस व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लि., सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय बाँकेको कार्यालयमा मिति २०६८ साल १० महिना १५ गते दर्ता भई सहकारी ऐन २०४८ को दफा ५ बमोजम मान्यता प्राप्त गरि बहुउदेश्यीय सहकारीको रुपमा मुख्य कार्यालय कोहलपुर नगरपालिका वडा नं. ११ मा स्थापना भई हालसम्म सदस्य महानुभावहरुको लगातर विस्वाश,साथ र सहयोगले सेवा प्रदान गर्न सफल भएको छ। हाल सम्म यस सहकारीले करिब ४ हजार सदस्यहरुलाई विभिन्न क्षेत्रहरुमा सेवा प्रदान गर्दै आइरहेको छ। यस संस्थाको अधिकृत पुँजी १६ लाख रहेको छ भने जारी पुँजी र चुक्ता पुँजी गरि ७ लाख रहेको छ। उक्त पुँजीमा संस्थागत समुहको ५१ प्रतिशत र सर्वसाधारण समुहको ४९ प्रतिशत रहेको छ। यस संस्थाको मुख्य कार्यालय कोहलपुर नगरपालिका वडा नम्बर ११, रेड्क्रसरोड बाँकेमा रहेको छ।

सहकारीको उद्देश्य

यसको मूलभूत उद्देश्य उनीहरूको आर्थिक उत्थान गरी सामाजिक न्याय र समानता दिलाउनु हो। सामुहिक रूपमा संगठित भएर सहकारीको सिद्धान्त, मूल्य र मान्यताका आधारमा काम गर्ने वातावरण सिर्जना गरी आपसमा मितव्ययिता, स्वावलम्बन र पारस्परिक सहयोगको भावना अभिवृद्धि गर्नु पनि सहकारीको उद्देश्य रहेको छ। समाजमा व्याप्त गरीबी, व्यापारिक एकाधिकारजस्ता आर्थिक एवं सामाजिक विसंगतिहरूको अन्त्य गरी सहकारीताको माध्यमबाट समाजका निम्न

आयवर्गीय गरीब जनसमुदायको जीवनस्तर उकास्न र उनीहरूलाई सामाजिक न्याय दिलाउनु सहकारीको मुख्य उद्देश्य रहेको छ।[५] सहकारीको उद्देश्यलाई निम्न भागहरूमा बाड्न सकिन्छ:

न्यायिक उद्देश्य

उपलब्ध साधन स्रोतलाई सीमित वर्ग वा व्यक्ति विशेषमा मात्र एकत्रित हुन नदिई सबै वर्ग र व्यक्तिहरमा समानरूपले आर्थिक उपलब्धिहरूको वितरण गरी सदस्यहरूलाई सामाजिक न्याय दिलाउनु सहकारीको प्रमुख न्यायिक उद्देश्य हो । यस्तो न्यायोचित धनको वितरणबाट समाजका कमजोर एवम् विपन्न वर्गको एकातिर आर्थिक उत्थान हुन्छ भने अर्कोतिर उनीहरूले सामाजिक न्याय र समानता पाउँछन्।

आर्थिक उद्देश्य

सदस्यहरूलाई विभिन्न आयमूलक, सीपमूलक एवम् उत्पादनशील व्यवसाय सञ्चालन गर्ने रोजगारीका समान अवसरहरू प्रदान गरी उनीहरूको आर्थिक विकास गर्नु सहकरीको आर्थिक उद्देश्य हो। सहकारी संस्थाले आफ्ना सदयहरूको आर्थिक विकासका लागि विभिन्न आर्थिक योजना तथा कार्यक्रमहरू सञ्चालन गरी त्यसमा उनीहरूलाई सहभागी गराउने गर्दछन। कुनै पनि सदस्यलाई जात-जाति, धर्म, लिङ्ग, वर्णावर्ग, स्तर आदिको दृष्टिले भेदभाव नगरी समानरूपले आर्थिक कारोवार गर्ने, जस्तो (बचत गर्ने, ऋण लिने, नाफा प्राप्त गर्ने), व्यवसाय सञ्चालन गर्ने क्रियाकलाप स्वतन्त्ररूपले सञ्चालन गर्ने आर्थिक स्वतन्त्रता प्रदान गर्नु पनि सहकारीको प्रमुख आर्थिक उद्देश्य मानिन्छ।

सामाजिक उद्देश्य

समाजमा व्याप्त गरीबी, बेरोजगारी, आर्थिक शोषण र अन्याय-अत्याचारको अन्त्य गरी एक आदर्श समाजको निर्माण गर्नु पर्ने हुन्छ । मानवीय सङ्गठन भएकोले यसले मानिसहरूमा सहयोग, एकता, इमान्दारी, स्वावलम्बन, सामाजिक दायित्वको भावना जस्ता मानवीय गुणहरूको विकास गर्दछ । समाजका पछडीएका महिला, दलित वर्ग वा व्यक्तिहरूलाई समेत आपसमा मिलेर बस्न, कुनै व्यवसाय गर्न र सहयोग गर्न प्रेरित गर्दछ । सहकारीले आफ्ना सदस्यहरूलाई सामुहिक रूपले कुनै पनि व्यवसाय गर्न मार्गदर्शन गर्ने हुनाले यसबाट समाजमा सामाजिक न्याय र समानताको वातवारण कायम हुन गई सामाजिक विकासको गतिलाई टेवा पुग्दछ ।

शैक्षिक उद्देश्य

आफ्ना सदस्यहरूको चेतना विकासका लागि सहकारी शिक्षा, तालिम र परामर्श दिनु यसको शैक्षिक उद्देश्य हो । सहकारीले आफ्ना आर्थिक कारोवारबाट बचत भएको रकमको केही अंश सहकारी तालिम, शिक्षा, परामर्श सेवा, सेमिनार, गोष्ठीजस्ता शैक्षिक क्रियाकलापमा खर्च गर्ने हुनाले एउटा शिक्षित समाजको निर्माण गर्दछ ।

सहकारीका विशेषताहरू

- सहकारी समुदायले गर्ने व्यवसाय हो। शेयर सदस्यहरू सहकारीको स्वामी र ग्राहक दुबै हुन्छन्।
- सहकारीमा पूँजीको हैन सदस्यको महत्त्व हुन्छ।
- सहकारीले वित्तीय विकासका साथै सामाजिक विकास र वातावरण संरक्षणको दायित्व पनि निर्वाह गरेको हुन्छ।
- संस्थाका संस्थापक, संचालक तथा कर्मचारीहरू स्थानिय व्यक्ति नै हुन्छन्।
- संस्थाले विनियमका साथै विभिन्न नीति नियमहरू तयार गरी त्यसैका आधारमा संस्थाका कार्यहरू सञ्चालन गरिएका हुन्छन्।
- संस्थामा भएको रकमको निश्चित प्रतिशत संस्थामा तरलता राखि बाँकी रकम आफ्ना सदस्यहरूलाई नै ऋण लगानि गरिएको हुन्छ।
- संस्थापक र संचालकहरूको लगानि नाम मात्रको (अन्यन्त थोरै) नभई स्वभाविक हुन्छ।
- प्रजातान्त्रिक प्रणालिबाट चलेको तथा सहकारी भावना र सिद्धान्त बमोजिम अगाडि बढेको हुनुपर्छ ।
- संस्था सस्तो लोकप्रियताबाट नभई बलियो सामाजिक आधार भएको हुनुपर्छ।
- नियमानुसार सदस्यता प्राप्त व्यक्तिबाट मात्र बचत सङ्कलन गर्ने र सदस्य भएको केही समय पछि सदस्य भित्रमात्र ऋण लगानि गर्नुपर्ने हुन्छ।
- सहकारी एउटा यस्तो व्यवसाय हो, जहाँ संयुक्त रूपमा सदस्यहरूद्वारा बराबर वा इच्छा अनुसार पूँजी लगानी गरी सो पूँजी आफनै सदस्यहरूमा लगानी गरि प्राप्त मुनाफा नियमानुसार वितरण गरिन्छ।

सहकारीका सात अन्तराष्ट्रिय सिदान्तहरु

- ऐच्छिक तथा खुल्ला सदश्यता।
- सदस्यको लोकतान्त्रिक नियन्त्रण।
- सदस्यको आर्थिक सहभागिता।
- स्वायत्तता तथा स्वतन्त्रता।
- शिक्षा तालिम र सूचना।
- सहकारी संस्थाहरुका बीच सहयोग।
- समुदाय प्रतिको सरोकार।

दरदृष्टि

अशल, सक्षम र समृद्ध सहकारी।

सहकारीका उदेश्यहरु

- सहकारी मूल्य मान्यता एवं सिद्धान्तमा आधारित क्रियाकलाप सञ्चालन गरी समृद्ध र न्यायपूर्ण समाजको निर्माणमा योगदान पुर्याउने। उत्पादनशील रोजगारी र न्यायपूर्ण वितरण सहितको उच्च आर्थिक वृद्धिद्धारा द्रुत गरिबी न्यूनीकरण गर्दै आर्थिक सामाजिक रुपान्तरण गर्ने ।
- उत्पादक सहकारी, किसान तथा उद्यमी, व्यवसायीहरुको उत्पादन सङ्कलन, भण्डारण, प्रशोधन र मूल्यश्रृङ्खलामा वृद्धि गरी बजारीकरणको सुनिश्चितता गर्ने ।
- सदस्यहरुबीचको सहयोग, सद्भाव र एकतामा अभिवृद्धि गरी सामाजिक पूँजी निर्माणमा योगदान पुर्याउने ।
- सम्मुनत, कृषि उन्मुख अर्थतन्त्र सहितको कृषकहरुको समान अवसर प्राप्त, स्वास्थ्य, कृषि शिक्षा, सदस्यहरुको मर्यादित र उच्च जीवनस्तर सुदृढीकरण गर्ने। सदस्यहरुको आवश्यकता, क्षमता र संभावनाका आधारमा लगानी गरी उद्यम व्यवशायहरुको विकास गर्ने ।
- वित्तीय मध्यस्थता मार्फत् बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा प्राप्त गरी विभिन्न क्षेत्रहरुमा लगानी अभिवृद्धि गर्ने ।
- गुणस्तरीय सदस्य पूँजी निर्माण, उद्यमशीलता र खेर गएको भूमिको पूर्ण उपयोग गरी उत्पादन श्रृङ्खलाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विशिष्टकृत संघको सदस्यता लिने साथै उद्यमशिलता तथा व्यवसाय विस्तार गर्ने। सहकारी ऐन, सहकारी नियमावली भित्र रही अन्य काम गर्ने ।

सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासका लागि संस्थाका देहाय बमीजिमका उद्देश्यहरु हुनेछन्:

- सहकारी मूल्य मान्यता एवंम सिद्धान्तमा आधारित क्रियाकलाप सञ्चालन गरी समृद्ध र न्यायपूर्ण समाजको निर्माणमा योगदान पुर्याउने।
- उत्पादनशील रोजगारी र न्यायपूर्ण वितरण सहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुत गरिबी न्यूनीकरण गर्दै आर्थिक सामाजिक रुपान्तरण गर्ने।
- सदस्यहरुबिचको सहयोग,सद्भाव र एकतामा अभिबृद्धि गरि सामाजिक पुँजी निर्माणमा योगदान पुऱ्याउने।

- सदस्यहरुको आवश्यकता, क्षमता र सम्भावनाका आधारमा सीपमुलक व्यवसायमा आवद्ध सदस्यहरुको उद्यम व्यवसायहरुको विकासको लागि लगानी गर्ने तथा लगानीका स्रोतहरुको पहिचान गरि व्यवस्था गर्ने। वित्तीय मध्यस्थता मार्फत् बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा प्राप्त गरी सदस्यहरुको आवश्यकतामा आधारित व्यवसायमा अनुकुल विभिन्न सिपमुलक तथा व्यावसायिक क्षेत्रहरु जस्तैः कृषि, प्रविधि, सीपमुलक व्यवसाय आदिमा लगानीअभिवृद्धि गर्ने।
- विशिष्टकृत संघको सदस्यता लिने साथै उद्यमशिलता तथा व्यवसाय विस्तार गर्ने।
- सदस्यहरुलाई बचत गर्न उत्प्रेरित गरी उनीहरुद्वारा बचत संकलन गर्ने तथा सो सदस्यद्वारा संकलित रकम आयमूलक कामका लागि ऋण प्रवाह गर्ने। गुणस्तरीय सदस्य पूँजी निर्माण, उद्यमशीलता र सीपमा आधारित व्यावसायिक कार्यक्रमहरु संचालन गर्ने।
- सदस्यहरु तथा निजका आफन्तहरुले स्वदेश तथा विदेशबाट पठाउने रेमिट्यान्स रकमलाई सहज रुपमा निजहरुका आफन्त समक्ष पुऱ्याउन सम्बन्धित निकायको स्वीकृती लिई रेमिट्यान्स सम्बन्धि कार्य गर्ने।

सहकारीका नियमित कार्यहरु

- नियमित र ऐच्छिक बचतका उपयुक्त स्वरुपहरु लागू गर्ने एवं बचतको लागि सदस्यहरुलाई प्रोत्साहित गर्ने।
- सरकारी तथा गैरसरकारी संघ संस्था वा निकायबाट ऋण वा अनुदान प्राप्त गरी संस्थागत लगानी गर्ने ।
- सदस्यहरुले सञ्चालन गरेका उद्यम व्यवसाय, उद्योगको लागि आवश्यक वित्तीय एवं प्राविधिक सेवा दिने। सहकारी कृषि लघुवित्त कार्यक्रम सदस्यहरू मार्फत सञ्चालन गर्ने।
- सदस्यहरुको उद्यम, व्यवसाय सञ्चालन र प्रवद्र्धनका लागि आवश्यक पर्ने विभिन्न सामग्री, औजार, प्रविधि, सीप, तालिम, वित्तीय सेवा एवं परामर्श सेवा उपलब्ध गराउने।
- सदस्यहरुलाई बजारमुखी उत्पादनको तरिका प्रदर्शन, प्रशिक्षण, नतिजा प्रदर्शन, अनुभव आदान-प्रदानका लागि स्थलगत भ्रमण, तालिम आदि सञ्चालन गर्ने।
- विभिन्न शैक्षिक कार्यक्रमहरू जस्तै - तालिम, गोष्ठी, अध्ययन, अनुसन्धान, प्रचार-प्रसार आदि सञ्चालन गरी सदस्यहरुको संस्थागत एवं स्वस्पूर्त विकासमा आवश्यक सहयोग गर्ने।
- कार्यक्रम विस्तार एवं विकासको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ:संस्था लगायत अन्य निकायहरू बीच समन्वय एवं सम्बन्ध स्थापित गर्ने।

शेयर पूँजी

यस संस्थामा हाल सम्म ३०३५ सक्रिय शेयरधनी सदस्यहरुको आबद्धता संगै संस्थाको आर्थिक वर्ष २०८१ असाढ मसान्त सम्मको शेयर पुँजी १०४०४९००।-(अक्षरुपि रु. एक करोड चार लाख चार हजार नौ सय मात्र) रहेको छ। आगामी दिनमा शेयर पुँजी बढाई संस्थाको ठोस योजनामा लगानी गरि संस्थालाई नाफामुखी तवरबाट अगाडी बढाउने लक्ष्य समेत रहेको बारे अवगत गराउन चाहन्छु ।

रणनीतिक नीति तथा भावी कार्यक्रम

- सहकारीमा आबद्ध सम्पूर्ण शेयरधनी सदश्यहरुमा क्षमता अभिवृद्धि गर्ने तालिम तथा वित्तीय सेवाको व्यस्था गर्ने।
- सहकारीको अन्तरिक व्यस्थापनलाई पारदर्शी र प्रभावकारी बनाउन आवश्यक नीति नियम बनाई लागु गर्ने।
- सहकारीको आर्थिक गतिविधिलाई पारदर्शी र प्रभावकारी बनाउन स्मार्ट मोबाइल याप संचालन गर्ने तथा एस.एम.एस. सेवा प्रणालीलाई सहि ढङ्गले लागु गर्ने।
- प्रवर्द्धनात्मक र सेवामुलक कार्यहरुको माध्ययमबाट सदस्य संख्यामा बृदि गर्ने।

कार्यालय व्यवस्थापन तथा कर्मचारी व्यवस्थापन

यस सहकारी संस्थाको गतिविधिलाई सहकारी मैत्रीपुर्ण तथा स्थानीय स्तरमा सम्पूर्ण जनसाधारण बीच चुस्त, दुरुस्त, प्रभावकारी तवरबाट संचालन गर्नका लागि १ जना प्रवन्ध संचालक, १ जना प्रवन्धक, १ जना कर्जा व्यवस्थापक, १ जना बजार निरीक्षक, १ जना लेखापाल, १० जना बजार प्रतिनिधि र १ जना कार्यालय सहयोगीबाट सहकारी संस्थाका नियमित गतिविधि संचालन गर्ने गरि व्यस्था गरिएको छ। आगामी दिनमा यस सन्दर्भमा अझ बढी प्रभावकारी तवरबाट कार्य गर्ने वातावरण सृजना तयार गर्नेछु भन्ने समेत विश्वास लिएको छु।

पारदर्शिता, विश्वसनीय र प्रभावकारी सेवाका लागि प्रविधिको प्रयोग

संस्थाको विभिन्न आर्थिक गतिविधि लगायत अन्य सम्पूर्ण शेयरधनी सदश्यहरुसंग सम्बन्धित कागजातहरुको अभिलेखलाई व्यवस्थित गर्न साथै संस्थाको नियमित कार्यलाई छिटो छरितो र पारदर्शिता बनाउन विगत वर्ष देखि निम्न बमोजिमका प्रविधिहरुको प्रयोग संस्थाले गर्दै आइरहेको छ ।

- संस्थाको आर्थिक गतिविधिलाई संचालन गर्न Cosys Software को प्रयोग ।

- सदश्यहरुमा पारदर्शिता र विश्वसनीयता कायाम कायम राख्न sparrowsms software company संग समुन्नय गरि sms service को प्रयोग।
- सहकारीमा भएका आर्थिक गतिविधिहरु तथा अन्य कागजातहरुको अभिलेखलाई प्रविधिको माध्ययमबाट भण्डारण गर्न Silver lining Cloud Storage Mercantile Company संग समुन्नय गरि Cloud Storage को प्रयोगका साथै संस्थाको सामाजिक संजाल फेसबुक पेज निर्माण, इमेल, इन्टरनेट को प्रयोग ।
- नगत प्रभावलाई सुनिश्चित गर्न Cash Counting Machine को प्रयोग।
- हाजिरपुस्तिकामा देखा परेका समस्याहरुको समाधान तथा व्यस्थित रुपमा अभिलेख राख्न Attendance Device र Attendance Software को प्रयोग।
- संस्थाको आर्थिक कारोबारलाई बढावा दिई आर्थिक उन्नति गर्न र सदस्यहरुलाई तुरुन्त भुक्तानी सेवा (Real Time Payment System) प्रदान गर्न सहकारीको आफ्नै BSD SMART नामक मोबाइल बैंकिंग आप(mobile banking application) को सेवा लिई सदश्यहरुलाई प्रयोग गर्न प्रोत्शाहन गरिएको छ ।
- सहकारीको सम्पूर्ण दैनिक आर्थिक, सामाजिक, सेवागत तथा विभिन्न जानकारी सदस्यहरु माझ प्रदान गर्ने उदेश्यले सहकारीको www.bsdcoop.com नामक वेबसाइट बनाई सेवा दिदै आइरहेको छ ।
- सहकारीको आफ्नै वेबसाइटको आधारमा bsd@bsdcoop.com/ info@bsdcoop.com/ इमेल(Email) बनाई सहकारीका प्रमुख कर्मचारीहरुलाई प्रयोग गर्न प्रोत्साहन गरिएको छ।
- सहकारीको सदश्यता लिने वा लिई सकेका सदश्यहरुलाई छिटो,छरितो सजिलो र सहज ढंगबाट सदस्यता लिन(Share Registration & Saving Account opening) वा सदस्य पहिचान फारम (KYM) भर्नाका लागी Online System प्रयोगमा लिइएको छ ।
- यस सहकारीले इसेवा (Esewa) कम्पनीसँग सहकार्य गरि सदश्यहरुमा डिजिटल प्रणालीद्वारा आर्थिक कारोबार अगाडी बढाउन QR भुक्तानी सेवालाई प्रयोगमा ल्याएको छ ।
- त्यसैगरि यस सहकारीका शेयर धनी सदश्यहरुलाई विभिन्न किसिमका भुक्तानीहरु जस्तै खानेपानी, बत्ति बिल, हवाई टिकेट, रिचार्ज, डाटा प्याक, एकमुस्ट भुक्तानी सेवा जस्ता दैनिकी रुपमा आइपर्ने आर्थिक गतिविधिहरु लाई सहज,सजिलो र छरितो बनाउन नेपालकै एकमात्र डिजिटल वालेट कम्पनी खल्ती(Khalti) सँग सहकार्य गरि एकमुस्ट भुक्तानी सेवा(Enterprise Bulk Transfer) अगाडी बढाई प्रयोगमा ल्याइएको छ ।

आर्थिक वर्ष ०८०/८१ र आ.व. ०८१/८२ को तुलनात्मक वित्तीय विवरणको अवस्था

क्र.स.	आर्थिक सुचकहरु	आ.व.०८१/८२ (यस वर्ष)	आ.व.०८०/८१ (गत वर्ष)	कैफियत
१.	शेयर पुँजी	१०,४०४,९००/-	१,३८,९९२२०/-	
२.	कोषहरू	१,६६४,०१५.०४/-	१,१८८,४६९.३०/-	
३.	निक्षेप संकलन	३०,९५६,७२३.८०/-	१,६१,७४,८६५/-	
४.	ऋण लगानी	४,९२,२३,५८४.२७/-	३,१०,९१,८१०/-	
५.	जम्मा सम्पति तथा जायजेथा	९२,२४९,२२३.११/-	३७०८९९७७.५५/-	

आर्थिक वर्ष ०८२/८३ को लागि संस्थाले राखेको अनुमानित बृदि लक्ष्य

क्र.स.	आर्थिक सुचकहरु	आ.व.०८१/८२ (गत वर्ष)	आ.व.०८२/८३ (यस वर्ष)	कैफियत
१.	शेयर पुँजी	१०,४०४,९००/-	१,२०,०००००/-	
२.	कोषहरू	१,६६४,०१५.०४/-	२५,०००००/-	
३.	निक्षेप संकलन	३०,९५६,७२३.८०/-	५,००,००,०००/-	
४.	ऋण लगानी	४,९२,२३,५८४.२७/-	७,००,००,०००/-	
५.	जम्मा सम्पति तथा जायजेथा	९२,२४९,२२३.११/-	१३,३०,००,०००/-	

आर्थिक वर्ष ०८१/८२ मा गरिएका मुख्य क्रियाकलापहरु

- सहकारीका शेयरधनि सदस्यहरुसँग भेटघाट कार्यक्रम राखी सहकारीमा वित्तीय साक्षरता आवश्यकता सम्बन्धी जानकारी प्रदान गर्ने कार्य सफलता पुर्वक सम्पन्न गरियो।
- दीर्घकालीन बचत योजनामा समावेश हुन सदस्यहरुलाई प्रेरित गरियो।
- बचतमा बृदि।

- सहकारीको विनियमावलीलाई पुनर्लेखन गरि त्यसमा भए गरेका सम्पूर्ण त्रुटीहरुलाई सच्चाई सहकारीको नियमावली २०७५ अनुसार काम कारवाही अगाडी बढाई नयाँ नीति अनुरुप सहकारीको मापदण्डमा रही काम गरियो।

- संस्थाको आर्थिक कारोबारलाई बढावा दिई आर्थिक उन्नति गर्न र सदस्यहरुलाई तुरुन्त भुक्तानी सेवा (Real Time Payment System) प्रदान गर्न सहकारीको आफ्नै BSD SMART नामक मोबाइल बैंकिंग आप(mobile banking application) को सेवा लिई सदश्यहरुलाई प्रयोग गर्न प्रोत्शाहन गरिएको छ।
- सहकारीको सम्पूर्ण दैनिक आर्थिक, सामाजिक, सेवागत तथा विभिन्न जानकारी सदस्यहरु माझ प्रदान गर्ने उदेश्यले सहकारीको www.bsdcoop.com नामक वेबसाइट बनाई सेवा दिदै आइरहेको छ।
- सहकारीको आफ्नै वेबसाइटको आधारमा bsd@bsdcoop.com/ info@bsdcoop.com/ इमेल(Email) बनाई सहकारीका प्रमुख कर्मचारीहरुलाई प्रयोग गर्न प्रोत्साहन गरिएको छ।
- सहकारीको सदश्यता लिने वा लिई सकेका सदश्यहरुलाई छिटो,छरितो सजिलो र सहज ढंगबाट सदस्यता लिन(Share Registration & Saving Account opening) वा सदस्य पहिचान फारम (KYM) भर्नाका लागी Online System प्रयोगमा लिइएको छ।
- यस सहकारीले इसेवा (Esewa) कम्पनीसँग सहकार्य गरि सदश्यहरुमा डिजिटल प्रणालीद्वारा आर्थिक कारोबार अगाडी बढाउन QR भुक्तानी सेवालाई प्रयोगमा ल्याएको छ।

- त्यसैगरि यस सहकारीका शेयर धनी सदश्यहरुलाई विभिन्न किसिमका भुक्तानीहरु जस्तै खानेपानी, बत्ति बिल, हवाई टिकेट, रिचार्ज, डाटा प्याक, एकमुस्ट भुक्तानी सेवा जस्ता दैनिकी रुपमा आइपर्ने आर्थिक गतिविधिहरु लाई सहज,सजिलो र छरितो बनाउन नेपालकै एकमात्र डिजिटल वालेट कम्पनी खल्ती(Khalti) सँग सहकार्य गरि एकमुस्ट भुक्तानी सेवा(Enterprise Bulk Transfer) अगाडी बढाई प्रयोगमा ल्याइएको छ।
- सदश्यहरुलाई विभिन्न क्षेत्रमा उनीहरुको माग अनुसार कर्जा प्रवाह गरि उद्धमशिल बनाइयो।

आगामी वर्षका कार्यक्रम

- प्रवर्द्धनात्मक र सेवामुलक कार्यहरुको माध्ययमबाट सदस्य संख्यामा बृदि गर्ने।
- नँया तत्कालिन प्रविधिको खोजि गरि सदश्यहरुको विकासका लागि तालिमहरु प्रदान गर्ने।
- यस सहकारीको प्रारम्भिक शिक्षा कोषको उचित परिचालन तथा व्यस्थापनका लागि अनुशिक्षण गरि शिक्षा कोषलाई सहकारी शिक्षाका निम्ति प्रभावकारी परिचालन गर्ने।

- दिर्घकालिन बचत योजनाहरुलाई निरन्तरता राख्न प्रोत्साहन गर्ने।
- कर्जा जोखिमलाई न्यूनीकरण गर्न धितो कर्जा लगानीमा जोड दिने।
- शेयर पुँजी बढाई संस्थाको ठोस योजनामा लगानी गरि संस्थालाई नाफामुखी तवरबाट अगाडी बढाउने।
- सहकारी संस्था र संस्थामा आबद्ध शेयरधनी सदश्यहरु बिचको समबन्धलाई विश्वसनीय र दीर्घकालीन रुपमा कायम गर्न सहकारीको तर्फबाट बजार निरीक्षकको रुपमा प्रतिनिधि पठाई सहकारीमा देखिएका तत्कालिन समस्या तथा सुझावका लागि सदश्यहरु बीच अन्तरक्रिया कार्यक्रम संचालन गर्ने।

अन्त्यमा यस गरिमामय साधारण सभामा उपस्थित भई धैर्यपुर्वक प्रतिवेदन सुनिदिनु भएकोमा अध्यक्षको तर्फबाट सम्पूर्णमा धन्यवाद संगै हार्दिक आभार प्रकट गर्दछु। केहि सल्लाह सुझाव भए प्रदान गरिदिनुहुन अनुरोध गर्दै प्रतिवेदन स्वीकृतिका लागि यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।

।।। धन्यवाद ।।।

।।। जय सहकारी ।।।

जय बहादुर थापा
अध्यक्ष

लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लि. बाँकेको आ.व. ०८१/८२

आदरणीय यास यस सभाका अध्यक्ष ज्यु, प्रमुख अतिथि ज्यु, विशेष अतिथि ज्यु, यस संस्थाका शेयरधनी सदस्य ज्युहरु, संचालक समितिका पदाधिकारी ज्युहरु, लेखा समितिका सदस्य ज्युहरु, कर्मचारी मित्रहरु उपस्थित सबैमा यस सहकारीको तेहौ वार्षिक साधारण सभाको पवन अवसरमा सबैमा न्यानो अभिवादन व्यक्त गर्दै लेखा समितिको वार्षिक प्रतिवेदन पेस गर्ने अनुमति चाहन्छु ।

१. **साधारण सभाको कार्यान्वयन अवस्था:**

अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयन भएको पाइयो ।

२. **संचालक समितिको बैठक तथा कार्यान्वयन अवस्था:**

आ.व. ०८१/८२ मा १३ पटक संचालक समितिको बैठक बसी संस्थामैत्री निर्णयहरु गरि निर्णयहरुको कार्यान्वयन भएको पाइयो ।

३. **ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यस्था:**

ऋण लगानी सम्बन्धी कारोवार नियमानुसार भएको पाइयो। साथै ऋण लगानीका कागजातहरुलाई व्यस्थित तवरले सुरक्षित गरेको पाइयो ।

४. **सहकारी बिभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण:**

सहकारी विभागबाट समय समयमा जारी गरिएका नियम तथा निर्देशनहरुको पालना गरि आफनो भूमिका निर्वाह गरेको पाइयो ।

५. **पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुबिधाहरुको विवरण:**

- **पारिश्रमिक**: नलिएको पाइयो ।
- **भत्ता**: प्रति बैठक संचालक समिति र लेखा समितिले रु. १०००|- भत्ता लिएको पाइयो ।
- **अन्य सुबिधाहरु**: अधक्ष्यले कामका आधारमा यातायात तथा संचार वापत सुबिधा लिएको पाइयो ।

६. **कर्मचारी प्रशासन सम्बन्धी व्यस्थाहरु:**

- **साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए नभएको**: भएको।
- **कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याए नल्याएको**: ल्याएको।

- **भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्प्रधी भए नभएको**: भएको।
- **प्रवन्ध संचालकको योग्यता र क्षमता सम्बन्धी विवरण**:व्यस्थापन तथा अर्थसास्त्र संकायमा स्नाकोत्तर, (Electronics and Communication Engineer) मा स्नातक तह साथै सहकारी अभियानमा ५ वर्षको अनुभव भएको व्यक्ति रहेको ।

७. **ऋणका खातिर सदस्यता:**

ऋण फाइलको नमुना छनौट जाँच तथा संस्थाबाट हामीलाई प्राप्त जानकारी अनुसार ऋणका खातिर सदस्यता नरहेको ।

८. **तरलता व्यस्थापन:**

आ.व. ०८१/८२ को अन्त्यमा तरलता २०% हुनु पर्नेमा २८.०५% रहेको पाइयो । यसले सहकारीमा आउने जोखिमलाई न्यूनीकरण गर्न सहयोग पुर्याउछ ।

९. **निस्क्रिय सदस्यता:**

प्राप्त जानकारी अनुसार यस आ.व. ०८१/२८ मा निस्क्रिय सदस्यता १०५१ रहेको पाइयो ।

१०. **बचत तथा ऋण नीति वा निर्देशिका भय नभयको:**

भएको ।

११. **आन्तरिक लेखा परिक्षण:**

आन्तरिक लेखापरीक्षकको व्यवस्था नभएको पाइयो । लेखा समितिले आन्तरिक लेखापरीक्षण गरेको पाइयो । लेखा समितिको काम प्रभावकारीनै देखिन्छ ।

१२. **लेखा समितिले यस अधि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्यनकअवस्था:**

कार्यान्यन भएको पाइयो ।

१३. **पर्ल्स विश्लेषण:**

संस्थाले मासिक रुपमा पर्ल्स विश्लेषण गर्ने गरेको पाइयो। असार मसान्तको पर्ल्स विश्लेषण यसै प्रतिवेदनको अन्त्यमा समावेस गरिएको छ।

१४. **लिने दिने ब्याज दर बीचको औसत फरक(%):**

लिने दिने ब्याजदर बिचको औसत फरक ६ % भित्र भएको पाइयो ।

१५. **बचत तथा ऋण नीति वा निर्देशिका भएको नभएको:**
भएको ।

१६. **लेखा समितिको सुझावहरु:**
संस्थागत नाफामा जोड दिई कार्य संचालन गर्न हुन । निरन्तर अनुगमन तथा सहकारी प्रवर्द्धनका लागि विशेष पहल गर्न हुन ।

लालमाया वि.क	**यमुना योगी**	**रिमा कुमारी बुढा**
लेखा संयोजक	सदस्य	सदस्य

समिति/उपसमितिका बैठकहरु:

सहकारी संस्थालाई सहि ढंगले कार्यान्वयन गर्न संचालक समितिले यस आर्थिक वर्ष ०८१/८२ मा जम्मा १९ पटक संचालक समितिको बैठक, ४ पटक लेखा समितिको बैठक, कर्जा उपसमितिको बैठक ६ पटक बसी महत्वपूर्ण निर्णय र निर्णयको कार्यान्वयन गर्ने गरिएको छ।

२०८१ साउन देखी २०८२ आषाढ मसान्त सम्ममा संचालक समितिको वैठक उपस्थिति विवरण:

क्र.स.	मिति	उपस्थिति संख्या
१.	२०८१ श्रावण १२ गते	७
२.	२०८१ भदौ १० गते	७
३.	२०८१ असोज १८ गते	७
४.	२०८१ कार्तिक १ गते	६
५.	२०८१ मंसिर २१ गते	६
६.	२०८१ पौष ६ गते	७
७.	२०८१ माघ ५ गते	७
८.	२०८१ फागुन ३ गते	६
९.	२०८१ चैत ३ गते	७
१०.	२०८२ बैशाख ३ गते	७
११.	२०८२ बैशाख ७ गते	६
१२.	२०८२ बैशाख १९ गते	६
१३.	२०८२ जेष्ठ ३ गते	७
१४.	२०८२ जेष्ठ १६ गते	७

१५.	२०८२ जेष्ठ २७ गते	७
१६.	२०८२ असाढ ५ गते	६
१७.	२०८२ असाढ २० गते	६
१८.	२०८२ असाढ २५ गते	६
१९.	२०८२ असाढ ३२ गते	७

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड

कोहलपुर - ११, बाँके

वित्तीय अवस्थाको विवरण (वासलात)

२०८१ साल असार मसान्त

विवरण	टिप्पणी	आ.व. २०८०/८१	समायोजित आ.व. २०७९/८०	समायोजित आ.व. २०७८/७९
सम्पत्ति				
नगद तथा बैंक मौज्दात	४	४,९०२,९९३.५४	८८२,३२७.३४	३,१८८,५५९.९६
मुद्दती मौज्दात	५	-	-	-
सदस्यलाई दिएको ऋण सापटी	६	३१,०९१,८१०.३२	२७,५५८,९५३.९५	३१,६३३,९१२.००
धितोपत्रमा लगानी	७	३८,०००.००	३८,०००.००	३८,०००.००
आयकर सम्पत्ति	८	-	-	-
लगानी सम्पत्ति (गैर बैंकिङ्ग सम्पत्ति)	९	-	-	-
सम्पत्ति तथा उपकरण	१०	९८३,४९५.४४	८१९,४८१.५२	५२८,१६३.७६
अदृश्य सम्पत्ति	११	६८,१७५.००	७५,७५०.००	२४,१६६.६७
अन्य सम्पत्तिहरु	१२	५,५०३.२५	-	-
कुल सम्पत्ति		३७,०८९,९७७.५५	२९,३७४,५१२.८१	३५,४१२,८०२.३९
दायित्व				
तिर्न बाँकी बाह्य ऋण	१३	४,२४९,१५९.२६	-	-
सदस्यबाट संकलन गरेको बचत	१४	१६,१७४,८६५.३८	१३,३६९,४६३.४१	२४,१४१,२०६.००
आयकर दायित्व	८	४७,८४१.७५	३२,७१३.३३	३२,९५३.८५
अन्य दायित्वहरु	१५	१४५,६८८.८४	२४९,१२२.८५	१०६,११३.२२
ऋण नोक्सानीको जोखिम व्यवस्था	६.२	१,०१६,२३६.४१	१,०४३,६४०.०२	३१६,३३९.१२
जम्मा दायित्वहरु		२१,६३३,७९१.६४	१४,६९४,९३९.६१	२४,५९६,६१२.१९
इक्विटी				
शेयर पूंजी	१६	१३,८९९,२२०.००	१३,५५४,०५८.००	१०,२९६,९५८.००
साधारण जगेडा कोष	१७	१,१८८,४६९.३०	३१६,७३२.९४	१५४,९८५.७०
अन्य कोषहरु	१८	३६८,४९६.६१	८०८,७८२.२५	३६४,२४६.५०
कुल पूंजी		१५,४५६,१८५.९१	१४,६७९,५७३.१९	१०,८१६,१९०.२०
कुल पूंजी तथा दायित्व		३७,०८९,९७७.५५	२९,३७४,५१२.८१	३५,४१२,८०२.३९

मिति : २८/०४/२०८१

स्थान : नेपालगंज

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

लालमाया वि.क.
लेखा प्रमुख

सृजना योगी
व्यवस्थापक

देव किरण बुढा एण्ड एसोसिएट्स
रजिस्टर लेखापरीक्षक

एकेन्द्र नाथ योगी
कोषाध्यक्ष

जय बहादुर थापा
अध्यक्ष

देव किरण बुढा
प्रोपाइटर

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड

कोहलपुर - ११, बाँके

नाफा वा नोक्सान विवरण

२०८० श्रावण १ गतेदेखि २०८१ असार मसान्तसम्मको

विवरण	टिप्पणी	यस वर्ष	गत वर्ष
ब्याज आम्दानी	१९	३,६५४,७२०.९४	५,०६२,७९३.०८
निक्षेपमा ब्याज खर्च	२०	७८१,१६३.४०	४५३,७४९.२४
वाह्य ऋण ब्याज खर्च		२४२,३४३.१७	-
खुद ब्याज आम्दानी		२,६३१,२१४.३७	४,६०९,०४३.८४
शुल्क तथा कमिशन आम्दानी	२१	९४,५७५.००	१६१,०००.००
शुल्क तथा कमिशन खर्च	२२	४३,४००.००	-
खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी		२,६८२,३८९.३७	४,७७०,०४३.८४
अन्य सञ्चालन आम्दानी	२३	१,२३२,००८.११	२,६८६,३३४.७३
कुल सञ्चालन आम्दानी		३,९१४,३९७.४८	७,४५६,३७८.५७
ऋण तथा अन्य सम्पत्तिमा नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता)	२४	- २७,४०३.६१	७२७,३००.९०
खुद सञ्चालन आम्दानी		३,९४१,८०१.०९	६,७२९,०७७.६७
सञ्चालन खर्च			
कर्मचारी खर्च	२५	२,४३१,९६०.००	४,८६०,७५८.३३
प्रशासनिक खर्च	२६	६९९,४०९.४८	९३०,४७८.४०
ह्रासकट्टि र परिषोधन खर्च	२७	२७०,७९१.०८	२५६,७९९.९१
सञ्चालन नाफा		५३९,६४०.५३	६८१,०४१.०३
गैर सञ्चालन आम्दानी	२८	-	-
गैर सञ्चालन खर्च	२९	-	-
आयकर अघिको नाफा		५३९,६४०.५३	६८१,०४१.०३
आयकर खर्च			
चालु आयकर		५३,९६४.०५	३४,०५२.०५
स्थगन कर आम्दानी/खर्च		-	-
खुद नाफा/(नोक्सान)		४८५,६७६.४८	६४६,९८८.९८

मिति : २८/०४/२०८१

स्थान : नेपालगंज

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

लालमाया वि.क.
लेखा प्रमुख

सृजना योगी
व्यवस्थापक

देव किरण बुढा एण्ड एसोसिएट्स
रजिस्टर लेखापरीक्षक

एकेन्द्र नाथ योगी
कोषाध्यक्ष

जय बहादुर थापा
अध्यक्ष

देव किरण बुढा
प्रोप्राइटर

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड
कोहलपुर - ११, बाँके

नगद प्रवाह विवरण
२०८० श्रावण १ गतेदेखि २०८१ असार मसान्तसम्मको

विवरण	यस वर्षको	गत वर्षको
कारोबार सञ्चालनबाट भएको नगद प्रवाह		
आयकर व्यवस्था अधिको खुद नाफा	४८५,६७६.४८	६४६,९८८.९८
उठ्न बाँकी ब्याज रकम	-	-
कर्जा नोक्सानी जोखिम व्यवस्था	(२७,४०३.६१)	७२७,३००.९०
बाह्य ऋणको ब्याज खर्च	२४२,३४३.१७	-
ह्रासकट्टि र परिशोधन खर्च	२७०,७९१.०८	२५६,७९९.९१
	९७१,४०७.१२	१,६३१,०८९.७९
चालु सम्पत्ति दायित्वमा कमी/(वृद्धि)		
सदस्यबाट संकलन गरेको बचतमा वृद्धि/(कमि)	२,८०५,४०१.९७	(१०,७७१,७४२.५९)
अन्य दायित्व तथा व्यवस्था वृद्धि/(कमि)	(१०३,४३४.०१)	१४३,००९.६३
सदस्यलाई दिएको ऋण सापटीमा (वृद्धि)/कमि	(३,५३२,८५६.३७)	४,०७४,९५८.०५
अन्य सम्पत्तिहरुमा (वृद्धि)/कमि	(५,५०३.२५)	-
आयकर भुक्तानी	१५,१२८.४२	(२४०.५२)
कारोबार सञ्चालनबाट भएको खुद नगद प्रवाह (क)	१५०,१४३.८८	(४,९२२,९२५.६४)
लगानीबाट भएको नगद प्रवाह		
लगानीमा कमी/(वृद्धि)	-	-
स्थिर सम्पत्ति (खरिद)/बिक्री	(४२७,२३०.००)	(५९९,७०१.००)
लगानीबाट खुद नगद प्रवाह (ख)	(४२७,२३०.००)	(५९९,७०१.००)
वित्तीय कारोबारबाट भएको नगद प्रवाह		
शेयर पूँजीमा वृद्धि	३४५,१६२.००	३,२५७,१००.००
बाह्य ऋणमा वृद्धि/(कमि)	४,२४९,१५९.२६	-
बाह्य ऋणको ब्याज खर्च	(२४२,३४३.१७)	-
लाभांश भुक्तानी	-	-
अन्य कोषहरुको वितरण समायोजन	(५४,२२५.७६)	(४०,७०५.९९)
वित्तीय कारोबारबाट भएको खुद नगद प्रवाह (ग)	४,२९७,७५२.३३	३,२१६,३९४.०१
स अवधिको खुद नगद प्रवाह (क+ख+ग)	४,०२०,६६६.२१	(२,३०६,२३२.६३)
गद तथा नगद समानको शुरुवाती मौज्दात	८८२,३२७.३४	३,१८८,५५९.९६
गद तथा नगद समानको अन्तिम मौज्दात	४,९०२,९९३.५५	८८२,३२७.३४

मिति : २८/०४/२०८१
स्थान : नेपालगंज

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

लमाया वि.क.
खा प्रमुख

सृजना योगी
व्यवस्थापक

केन्द्र नाथ योगी
षाध्यक्ष

जय बहादुर थापा
अध्यक्ष

देव किरण बुढा एण्ड एसोसिएट्स
रजिस्टर लेखापरीक्षक

देव किरण बुढा
प्रोप्राइटर

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड

कोहलपुर - ११, बाँके

नाफाको बाँडफाँड हिसाब

२०८० श्रावण १ गतेदेखि २०८१ असार मसान्तसम्मको

विवरण	प्रतिशत	यस वर्षको	गत वर्षको
यस वर्षको मूनाफा		४८५,६७६.४८	६४६,९८८.९८
घटाउने : संचित नाफा		-	-
घटाउने : NAS for MEs समायोजन कोष		-	-
वितरणयोग्य मूनाफा		४८५,६७६.४८	६४६,९८८.९८
साधारण जगेडा कोष	२५%	१२१,४१९.१२	१६१,७४७.२४
संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा नाफा बाँडफाँड अगाडीको नाफा		३६४,२५७.३६	४८५,२४१.७३
बाँडफाँड			
संरक्षित पूँजी फिर्ता कोष	२५%	९१,०६४.३४	१२१,३१०.४३
सहकारी प्रवंद्धन कोष	०.५०%	१,८२१.२९	२,४२६.२१
अन्य कोषमा बाँडफाँड अगाडीको नाफा		२७१,३७१.७३	३६१,५०५.०९
अन्य कोषको बाँडफाँड			
शेयर लाभाश कोष	३५%	९४,९८०.११	१२६,५२६.७८
कर्मचारी बोनस कोष	१५%	४०,७०५.७६	५४,२२५.७६
सहकारी शिक्षा कोष	१५%	४०,७०५.७६	५४,२२५.७६
सहकारी विकास कोष	१५%	४०,७०५.७६	५४,२२५.७६
घाटापूर्ति कोष	१०%	२७,१३७.१७	३६,१५०.५१
डुबन्त ऋण कोष	१०%	२७,१३७.१७	३६,१५०.५१
जम्मा	१००%	२७१,३७१.७३	३६१,५०५.०९

मिति : २८/०४/२०८१
स्थान : नेपालगंज

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

लालमाया वि.क.
लेखा प्रमुख

सुजना योगी
व्यवस्थापक

देव किरण बुढा एण्ड एसोसिएट्स
रजिस्टर लेखापरीक्षक

एकेन्द्र नाथ योगी
कोषाध्यक्ष

जय बहादुर थापा
अध्यक्ष

देव किरण बुढा
प्रोप्राइटर

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड

कोहलपुर - ११, बाँके

इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

२०८० श्रावण १ गतेदेखि २०८१ असार मसान्तसम्मको

विवरण	शेयर पूँजी	साधरण जगेडा कोष	अन्य कोष	जम्मा
१ श्रावण, २०७९ सालको मौज्दात	१०,२९६,९५८.००	१५४,९८५.७०	३६४,२४६.५०	१०,८१६,१९०.२०
समायोजन	-	-	-	-
१ श्रावण, २०७९ सालको समायोजित मौज्दात	१०,२९६,९५८.००	१५४,९८५.७०	३६४,२४६.५०	१०,८१६,१९०.२०
यस वर्षको आय विवरणबाट	-	१६१,७४७.२४	४८५,२४१.७३	६४६,९८८.९८
कोष समायोजन	-	-	(४०,७०५.९९)	(४०,७०५.९९)
NFRS समायोजन कोष	-	-	-	-
फेयर भ्याल्युमा मुल्याङ्कन गरिएका इक्विटी उपकरणको लगानीबाट भएको नाफा/(नोक्सान)	-	-	-	-
पुनर्मुल्याङ्कनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-
परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान)	-	-	-	-
नगद प्रवाहको हेजिङ्गबाट गरिएको नाफा/(नोक्सान)	-	-	-	-
विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान)	-	-	-	-
शेयर पूँजीमा वृद्धि/(कमी)	३,२५७,१००.००			३,२५७,१००.००
३१ असार, २०८० सम्मको मौज्दात	१३,५५४,०५८.००	३१६,७३२.९४	८०८,७८२.२४	१४,६७९,५७३.१९

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड
कोहलपुर - ११, बाँके

विवरण	शेयर पूंजी	साधरण जगेडा कोष	अन्य कोष	जम्मा
१ श्रावण, २०८० सालको मौज्दात	१३,५५४,०५८.००	३१६,७३२.९४	८०८,७८२.२४	१४,६७९,५७३.१९
समायोजन	-	-	-	-
१ श्रावण, २०८० सालको समायोजित मौज्दात	१३,५५४,०५८.००	३१६,७३२.९४	८०८,७८२.२४	१४,६७९,५७३.१९
यस वर्षको आय विवरणबाट	-	१२१,४१९.१२	३६४,२५७.३६	४८५,६७६.४८
कोष समायोजन	-	७५०,३१७.२४	(८०४,५४३.००)	(५४,२२५.७६)
NFRS समायोजन कोष	-	-	-	-
फेयर भ्याल्युमा मुल्याङ्कन गरिएका इक्विटी उपकरणको लगानीबाट भएको नाफा/(नोक्सान)	-	-	-	-
पुनर्मुल्याङ्कनबाट भएको नाफा/(नोक्सान)	-	-	-	-
परिभाषित लाभ योजनाबाट बिमाङ्किक नाफा/(नोक्सान)	-	-	-	-
नगद प्रवाहको हेजिङ्गबाट गरिएको नाफा/(नोक्सान)	-	-	-	-
विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान)	-	-	-	-
शेयर पूँजीमा वृद्धि/(कमी)	३४५,१६२.००	-	-	३४५,१६२.००
३१ असार, २०८१ सम्मको मौज्दात	१३,८९९,२२०.००	१,१८८,४६९.३०	३६८,४९६.६०	१५,४५६,१८५.९०

मिति : २८/०४/२०८१
स्थान : नेपालगंज

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

लालमाया वि.क.
लेखा प्रमुख

सुजनी योगी
व्यवस्थापक

एकेन्द्र नाथ योगी
कोषाध्यक्ष

जय बहादुर थापा
अध्यक्ष

देव किरण बुढा एण्ड एसोसिएट्स
रजिस्टर लेखापरीक्षक
देव किरण बुढा
प्रोप्राइटर

Dew Kiran Budha & Associates, ICAN, Nepal, Member Ship No. 7399, Cop No. 408, Registration No. 4749, Registered Auditor

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लि., कोहलपुर, बाँके

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड

कोहलपुर - ११, बाँके

४ नगद तथा नगद समान

विवरण	यस वर्षको	गत वर्षको
नगद मौज्दात	-	-
एटिएममा भएको नगद	-	-
बैंक तथा वित्तीय संस्थासँग रहेको मौज्दात	-	-
गरिमा विकास बैंक लि.	७२,६४३.२९	११,३४३.३९
ज्योती विकास बैंक लि.	६२,९१३.८९	८४४,३३६.६६
सहकारी संघसँग रहेको मौज्दात		
राष्ट्रिय सहकारी बैंक लि. (१३-०००५४-६)	२,७००,०२५.०५	१५,६३९.२२
राष्ट्रिय सहकारी बैंक लि. (२४-००००९-५)	३५६,४०३.२४	-
जिल्ला सहकारी सघ लि.	११,००८.०७	११,००८.०७
वित्तीय संस्था र सहकारी संघसँगको ३ महिना भन्दा कमको मुद्दती मौज्दात	-	-
राष्ट्रिय सहकारी बैंक लि. (५१-००००६-९)	१,७००,०००.००	
जम्मा	४,९०२,९९३.५४	८८२,३२७.३४

नगद तथा नगद समानलाई वित्तीय अवस्थाको विवरणमा अपलेखित लागतमा पहिचान गरिन्छ। भल्टमा राखिएको नगदको भौतिक तथा वित्तीय जोखिम न्युनीकरणको लागि बीमा गरिएको छ । तरलता र व्यावसायीक आवश्यकताका आधारमा भल्टमा रकमको व्यवस्थापन गरिएको छ। नगद तथा नगद समानमा रहेको मौज्दातमा स्थानीय बैंक तथा वित्तीय संस्था र सहकारी संघमा रहेको मौज्दातलाई समावेश गरिएको छ।

वित्तीय लगानीलाई तीन वा तीन महिना भन्दा कम परिपक्वता रहेको अवस्थामा नगद तथा नगद समानको रुपमा वर्गीकृत गरिएको छ। यी लगानीहरुमा बैंक तथा वित्तीय संस्था र सहकारी संघसँगको मौज्दात (Placement) पर्दछन जुन अत्याधिक तरल मानिन्छ र संस्थाले छोटो प्रतिवद्धता प्रवन्ध गर्ने उद्देश्यका लागि राखिएको हुन्छन्।

५ मुद्दती मौज्दात

विवरण	यस वर्षको	गत वर्षको
वित्तीय संस्था र सहकारी संघसँगको ३ महिना भन्दा बढीको मुद्दती मौज्दात	-	-
अन्य	-	-
जम्मा	-	-

आर्थिक वर्ष समाप्त भएको तीन महिना पछि परिपक्वता हुने अवस्थामा रहेका वित्तीय संस्था र सहकारी संघमा मुद्दती मौज्दातलाई यसमा देखाइएको छ।

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लि. कोहलपुर, बाँके

Dev Kiran Budha & Associate, ICAN, Nepal, Member Ship No. 7399, Cop No. 406, Registration No. 4749, Registered Auditor

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड

कोहलपुर - ११, बाँके

६ सदस्यलाई दिएको ऋण सापटी

विवरण	यस वर्षको	गत वर्षको
अपलेखित लागतमा मूल्याङ्कन गरिएको ऋण सापटी	३१,०९१,८१०.३२	२७,५५८,९५३.९५
घटाउने : हानी /नोक्सानी व्यवस्था	-	-
जम्मा	३१,०९१,८१०.३२	२७,५५८,९५३.९५

संस्थाले सहकारी विभागद्वारा निर्देशन भए बमोजिम ऋण नोक्सानी व्यवस्था गर्ने नीति लिएको छ । लघु ऋण बाहेक प्रत्येक ऋण पर्याप्त धितो र धन जमानतमा मात्र लगानी भएकाले संस्थाको व्यवस्थापन संस्थामा कायम रहेको ऋण नोक्सानी व्यवस्था रकम पर्याप्त भएकोमा ढुक्क छ ।

६.१ ऋणको प्रकारका आधारमा सदस्यलाई दिएको ऋण सापटीको विश्लेषण

विवरण	यस वर्षको	गत वर्षको
व्यापार तथा व्यवसायिक ऋण	२३,३६०,६३९.८६	२७,१४५,२१५.६३
भवन निर्माण तथा जग्गा खरीद ऋण	११९,५४७.६६	२७३,३३७.३६
कृषि तथा पशुपालन ऋण	३,७२५,१०६.३४	१४०,४००.९६
शैक्षिक ऋण	३,८८६,५१६.४६	-
जम्मा	३१,०९१,८१०.३२	२७,५५८,९५३.९५

६.२ सदस्यलाई दिएको ऋण सापटीमा हानी/नोक्सानी व्यवस्था

विवरण	यस वर्षको	गत वर्षको
श्रावण १ को मौज्दात	१,०४३,६४०.०२	३१६,३३९.१२
यस वर्षको ऋण नोक्सानीको जोखिम व्यवस्था	(२७,४०३.६१)	७२७,३००.९०
ऋण नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता)	-	-
हानी नोक्सानीको लागि जम्मा व्यवस्था	१,०१६,२३६.४१	१,०४३,६४०.०२

Dew Kiran Budha & Associates
ICAN, Nepal
Member Ship No. 7399
Cop No. 406
Registration No. 4749
Registered Auditor

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लि. कोहलपुर, बाँके

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड

कोहलपुर - ११, बाँके

चालु वर्ष कर्जा नोक्सानी व्यवस्था

कर्जाको वर्गीकरण	लगानीमा रहेको ऋण	व्यवस्था दर	व्यवस्था रकम रु.
भाखा ननाघेको	२९,१३४,८८३.८२	१%	२९१,३४८.८४
१ वर्षसम्म भाखा नाघेको	१,८९५,४४४.५०	३५%	६६३,४०५.५८
१ वर्षभन्दा बढी भाखा नाघेको	६१,४८२.००	१००%	६१,४८२.००
जम्मा (क)	३१,०९१,८१०.३२		१,०१६,२३६.४१
गत वर्षको कर्जा नोक्सानी व्यवस्था रकम रु. (ख)			१,०४३,६४०.०२
गत वर्षको कर्जा नोक्सानी व्यवस्थाबाट अपलेखन तथा आम्दानी रकम रु. (ग)			-
यस वर्षको थप कर्जा नोक्सानी व्यवस्था रकम रु. (घ) = क - (ख+ग)		-	२७,४०३.६१
यस वर्षको जोखिम व्यवस्थाबाट आम्दानी रकम रु.			२७,४०३.६१
जम्मा रकम रु.		-	२७,४०३.६१

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड

कोहलपुर - ११, बाँके

८ धितोपत्रमा लगानी

विवरण	यस वर्षको	गत वर्षको
जिल्ला सहकारी संघ लि. बाँके (शेयर)	३,०००.००	३,०००.००
राष्ट्रिय सहकारी बैंक लिमिटेड (शेयर)	१०,०००.००	१०,०००.००
नेपाल सहकारी बैंक लि. (शेयर)	२५,०००.००	२५,०००.००
जम्मा	३८,०००.००	३८,०००.००

सूचिकृत नभएको इक्वीटी शेयरहरु लागत मूल्यमा अभिलेखन गरीएको छ किनभने वित्तीय विवरणको अन्त्य मितिमा यी लगानीका बजार मूल्यलाई प्रतिनिधीत्व गर्ने सबै भन्दा उचित मूल्य नै लागत मूल्य हो । व्यवस्थापनले संस्थासँग भएका सूचिकृत नभएको शेयर लगानीहरुको हानी/ नोक्सानी मूल्याङ्कन गरेको छ र लगानी मूल्यमा स्थायी गिरावट भएको प्रमाण नहुँदा हानी/ नोक्सानी जरुरी हुँदैन भन्ने निष्कर्श निकालेको छ ।

९ आयकर सम्पत्ति

विवरण	यस वर्षको	गत वर्षको
चालु आयकर सम्पत्ति	६,१२२.३०	१,३३८.७२
गत वर्षहरुको कर सम्पत्ति	-	-
चालु वर्षको आय कर सम्पत्ति	६,१२२.३०	१,३३८.७२
चालु आयकर दायित्व	५३,९६४.०५	३४,०५२.०५
गत वर्षहरुको कर दायित्व	-	-
चालु वर्षको आयकर दायित्व	५३,९६४.०५	३४,०५२.०५
खुद कर सम्पत्ति/दायित्व	(४७,८४१.७५)	(३२,७१३.३३)

चालु कर सम्पत्तिहरुमा आन्तरिक राजस्व कार्यालयलाई भुक्तान गरिएको किस्तावन्दी आय कर, स्रोतमा कर कट्टी गरिएको दाबि योग्य रकम तथा पछिल्ला वर्षहरुबाट सारिएका अग्रिम कर भुक्तानी र ती वर्षमा तिर्नु पर्ने आयकर (जुन त्यस वर्षमा प्रयोग हुने कर दर प्रयोग गरेर गणना गरिएको) को खुद रकम समावेश हुन्छन् । त्यस्तै आय कर दायित्वमा आयकर ऐन २०५८ को प्रावधान अनुसार व्यवस्था गरिएको रकम समावेश हुन्छन् ।

Dew Kiran Budha & Associates ICAN, Membership No. 7359 Cop No. 406 Registration No. 4749 Registered Auditor

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लि. कोहलपुर, बाँके

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड

कोहलपुर - ११, बाँके

९.१ आयकर दायित्वको गणना

विवरण	यस वर्षको	गत वर्षको
आयकर व्यवस्था अघिको मुनाफा	५३९,६४०.५३	६८१,०४१.०३
क. आयमा समावेश गर्नु नपर्ने रकमहरु		
लाभांश आम्दानी	-	-
ख. आयमा समावेश गर्नुपर्ने अन्य रकमहरु		
घर जग्गा कोषमा रकमान्तर गरेको आम्दानी	-	-
ग. आयको गणना गर्दा कट्टी नहुने खर्चहरु		
लेखा अनुसारको ह्रास खर्च	२७०,७९१.०८	-
यस आ.व.मा व्यवस्था गरेको संचित बिदा खर्च	-	-
ब्याज तथा जरिवाना खर्च	-	-
घ. आयको गणना गर्दा कट्टी नभएको खर्चहरु भुक्तानीको आधारमा यस आ.व. मा खर्च दावी गर्न सकिने रकम		
कर अनुसारको ह्रास खर्च	(२७०,७९१.०८)	-
करयोग्य आम्दानी	५३९,६४०.५३	६८१,०४१.०३
आयकर व्यवस्था (१०%)	५३,९६४.०५	३४,०५२.०५

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड
कोहलपुर - ११, बाँके

१० सम्पति तथा उपकरण

विवरण	जग्गा	भवन	फर्निचर तथा फिक्चर	कार्यालय उपकरण	सवारी साधन	औजार तथा अन्य उपकरण	जम्मा मूल्य
सम्पत्तिको विवरण							
श्रावण १, २०७९ को मौज्दात	-	-	१९५,८३५.३१	२३४,८४०.६२	-	९७,४८७.८३	५२८,१६३.७६
यस वर्ष थप	-	-	३९१,०००.००	११३,१०१.००	-	३५,६००.००	५३९,७०१.००
पुन:मूल्याङ्कन	-	-	-		-	-	-
यस वर्षको बिक्री/डिस्पोजल	-	-	-		-	-	-
असार मसान्त २०८० को मौज्दात	-	-	५८६,८३५.३१	३४७,९४१.६२	-	१३३,०८७.८३	१,०६७,८६४.७६
यस वर्ष थप	-	-	१६९,७००.००		२४७,९००.००	९,६३०.००	४२७,२३०.००
पुन:मूल्याङ्कन	-	-	-		-	-	-
यस वर्षको बिक्री/डिस्पोजल	-	-	-		-	-	-
असार मसान्त २०८१ को मौज्दात	-	-	७५६,५३५.३१	३४७,९४१.६२	२४७,९००.००	१४२,७१७.८३	१,४९५,०९४.७६
ह्रासकट्टी तथा हानी नोक्सानी							-
श्रावण १, २०७९ को मौज्दात							-
यस वर्षको ह्रासकट्टी	-	-	१४६,७०८.८३	८२,७९१.२३	-	१८,८८३.१८	२४८,३८३.२४
यस वर्षको हानी नोक्सानी	-						-
यस वर्षको बिक्री/डिस्पोजल	-						-
असार मसान्त २०८० को मौज्दात	-	-	१४६,७०८.८३	८२,७९१.२३	-	१८,८८३.१८	२४८,३८३.२४
यस वर्षको ह्रासकट्टी	-	-	१२१,६५६.६२	७४,३०४.२६	४९,५८०.००	१७,६७५.२०	२६३,२१६.०८
यस वर्षको हानी नोक्सानी	-	-	-		-	-	-
यस वर्षको बिक्री/डिस्पोजल	-						-
असार मसान्त २०८१ को मौज्दात	-	-	२६८,३६५.४५	१५७,०९५.४९	४९,५८०.००	३६,५५८.३८	५११,५९९.३२
खुद किताबी मूल्य							
असार मसान्त २०८० को मौज्दात	-	-	४४०,१२६.४८	२६५,१५०.३९	-	११४,२०४.६५	८१९,४८१.५२
असार मसान्त २०८१ को मौज्दात	-	-	४८८,१६९.८६	१९०,८४६.१३	१९८,३२०.००	१०६,१५९.४५	९८३,४९५.४४

सम्पति र उपकरण लागत मूल्यमा देखाइएको छ। पछि आउने खर्चहरू सम्पतिको मूल्यमा त्यसबेला मात्र समावेश गरिन्छ जब उक्त खर्चले सम्पतिबाट भविष्यमा प्रवाह हुने आर्थिक लाभ सार्थक रुपमा मापन गर्न सकिन्छ। अन्य मर्मत र सुधार खर्च भएका छन् भने वित्तीय अवधिको अन्य संचालन खर्चमा देखाइन्छ।

व्यावसायिक सीप प्रवर्द्धन सहकारी संस्था लिमिटेड
कोहलपुर – ११, बाँके

११ अदृश्य सम्पत्ति

विवरण	सफ्टवेयर	अन्य	जम्मा मूल्य
अदृश्य सम्पत्तिको विवरण			
श्रावण १, २०७९ को मौज्दात	२४,१६६.६७	-	२४,१६६.६७
यस वर्ष थप	-	-	-
पुनःमूल्याङ्कन	-	-	-
यस वर्षको बिक्री/डिस्पोजल	-	-	-
असार मसान्त २०७९ को मौज्दात	२४,१६६.६७		२४,१६६.६७
यस वर्ष थप	६०,०००.००	-	६०,०००.००
पुनःमूल्याङ्कन	-	-	-
यस वर्षको बिक्री/डिस्पोजल	-	-	-
असार मसान्त २०८० को मौज्दात	८४,१६६.६७		८४,१६६.६७
परिशोधन तथा हानी नोक्सानी			-
श्रावण १, २०७९ को मौज्दात			-
यस वर्षको परिशोधन	८,४१६.६७	-	८,४१६.६७
यस वर्षको हानी नोक्सानी	-	-	-
यस वर्षको बिक्री/डिस्पोजल	-	-	-
असार मसान्त २०८० को मौज्दात	८,४१६.६७		८,४१६.६७
यस वर्षको परिशोधन	७,५७५.००	-	७,५७५.००
यस वर्षको हानी नोक्सानी	-	-	-
यस वर्षको बिक्री/डिस्पोजल	-	-	-
असार मसान्त २०८० को मौज्दात	१५,९९१.६७	-	१५,९९१.६७
खुद किताबी मूल्य			-
असार मसान्त २०८० को मौज्दात	७५,७५०.००	-	७५,७५०.००
असार मसान्त २०८१ को मौज्दात	६८,१७५.००	-	६८,१७५.००

अमुर्त सम्पतिहरूमा कम्प्युटर सफ्टवेयरको मूल्य समावेश छ । अमुर्त सम्पत्तिहरूलाई प्रारम्भिकमा परल मूल्यमा अभिलेख गरिएका छन् । प्रारम्भिक पहिचान पछि, अमुर्त सम्पत्तिलाई लागत रकममा सञ्चित परिशोधन र सञ्चित हानी समावेश गरी पहिचान गरिन्छ ।

जय सहकारी